छत्रेश्वरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भोटेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

९८५७८४४४१२

प.सं.२०७७।७८
च.नं.

मिति : २०७७।०५।२७

**छत्रेश्वरी गाँउपालिका सल्यानको वडा शिलको समयावधी थपिएको सम्वन्धी सुचना।**

उपर्युक्त सम्बन्धमा छत्रेश्वरी गाँउपालिकाको वडा नं. ५ मा मिति २०७७ भाद्र १५ गते को कोभिड १९ को नतिजा १ जना पुरुषमा पोजिटिभ आएकोले मिति २०७७ भाद्र २२ गते संक्रमित व्यक्तिको सम्पर्कमा आएका सम्भावित व्यक्तिहरुको खोज पड्ताल (contract tracing) गरी स्वाब परिक्षण गर्दा पुन: १ जना पुरुषमा संक्रमण देखिएकोले कोभिड १९ को दर र फैलावटलाई नियन्त्रण गर्न तथा संक्रमित व्यक्तिको सम्पर्कमा रहेकाहरुको खोज पड्ताल (contract tracing) गर्नुपर्ने भएकोले छत्रेश्वरी गाँउपालिकाको गाँउपालिका स्तरीय कोरोना संकट व्यवस्थापन समितिको मिति २०७७ भाद्र २७ गते बसेको बैठकको निर्णयानुसार मिति २०७७ भाद्र २० गते जारी पुर्ण निषेध (वडा नं. ५ शिल) लाई असोज ३ गते राती १२ बजे सम्मका लागी जारी राखिने छ। उक्त समयमा वडा नं. ५ को निषेधित सम्पूर्ण क्षेत्रहरुमा अत्यावस्यक सेवा र साधनहरु बाहेकका सम्पूर्ण सवारी साधन, पसल व्यवसाय संचालन तथा हिड्डुल समेत नगर्न नगराउनु हुन सम्वन्धित सबैमा सुचित गरिन्छ।

गाँउपालिकाको क्षेत्र भित्र कोभिड १९ को जोखिम न्यूनीकरण तथा रोकथाम र नियन्त्रण गर्ने सम्वन्धमा माथि उल्लेखित सुचनाको अवज्ञा गर्ने वा बाधा अवरोध पुऱ्याउने जो कोहिलाई संक्रामक रोग ऐन २०२० तथा अन्य प्रचलित कानुन बमोजिम कार्वाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ। साथै गाँउपालिकामा हुन सक्ने कोभिड १९ को संक्रमणलाई रोकथाम तथा नियन्त्रण कार्यमा सहयोग गरिदिनु हुन स्थानीयवासी आमाबुवा, दाजुभाई, दिदिबहिनी सबैमा अनुरोध समेत गर्दछु।

**बोधार्थ :**

१, *जिल्ला प्रशासन कार्यालय, सल्यान*

२, *जिल्ला प्रहरी कार्यालय, सल्यान*

सन्तोष के.सी.
अध्यक्ष

"दिगो विकास र सुशासनको लहर,छत्रेश्वरी वासीको रहर"
web site: chhatreshworimun.gov.np, E-mail: chhatreshworimun@gmail.com

Scanned with CamScanner